# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले,नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८२/८२
च.नं. :-

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना !
मितिः २०८२/११/२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) खण्ड(थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १ र *राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०८२* को दफा १५ र १७ बमोजिम आगामी आ.व. २०८३/०८४ को स्थानीय तहको बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत भई सोही निर्देशिकाको दफा ४ बमोजिम रोजगार सेवा केन्द्रको समन्वयमा सञ्चालन गरिने प्रवर्द्धनात्मक रोजगारमूलक कार्यक्रम वा बेरोजगार सहायता कार्यक्रममा सहभागी हुन ईच्छुक १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरुले २०८२ चैत्र ३० गतेसम्म आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा वैयक्तिक तथा पारिवारिक विवरणहरु पूर्ण रुपमा भरी आवश्यक कागजातसहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा एवम् यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

**<u>आवश्यक कागजातहरु:</u>**

१. नेपाली नागरिकताको फोटोकपि – १ प्रति ।
२. निवेदकको हालसालै खिचिएको पासपोर्ट साईजको फोटो – १ प्रति
३. निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सो को प्रमाणपत्रको फोटोकपि – १ प्रति
४. परिवारमा रहेका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रको फोटोकपि – १ प्रति

**बोधार्थ:**

**श्री वडा कार्यालयहरु सबै, किस्पाङ गाउँपालिकाः** सूचना प्रचारप्रसार गरी आवेदन सङ्कलन गर्नुहुन ।

..........
चक्र बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत